# बीउ छनौट तथा बीउ उपचार विधि

बीउको काम उम्रने मात्र हो भन्ने दृष्टिकोण हटाउनु पर्दछ । गुणस्तरिय बीउवाट गुणस्तरिय बिरुवा तयार गर्नुपर्छ । बीउ खरिद गर्दा सुचिकृत जातको बीउ खरिद गर्नु र भरपर्दो स्रोतवाट ल्याउनु महत्वपूर्ण हुन्छ ।

## १. नुन पानीको घोलमा बीउ छनौट बिधी :

- बाल्टीनमा आधा बाल्टिन सफा पानी लिनुहोस् ।
- बाल्टिनमा काचो नविग्रेको अण्डा राख्नुहोस् जुन सुरुमा डुब्छ ।नूनको सट्टा आलु पनी प्रयोग गर्न सकिन्छ ।
- अव पानीमा नुन राख्दै घोल्दै जानुहोस् ।
- जब अण्डा नुनपानीमा उत्रिन थाल्दछ घोल तयार भयो ।
- अण्डा निकाल्नुहोस् र बीउ पानीमा हालेर राम्ररी चलाउनुहोस् ।
- ३-५ मिनेटमै उत्रिएको दानाहरु (जुन बीउको लागि प्रयोग गर्न सकिदैन) निष्कासन गरि डुबेका बीउहरु (जुन बीउको लागि छनौट भै प्रयोग हुन्छ) छुट्याउनुहोस् ।
- नुनपानीमा डुबेको स्वस्थ बीउलाई निकालेर राम्रोसँग पखालेर छायाँमा सुकाई छर्नुहोस् ।
- यो विधिमा करिब १ के जी नूनबाट ८-१० लिटर पानीको घोल बनाउन सकिन्छ । र उक्त घोललाई पटक पटक प्रयोग गर्न सकिन्छ ।

**याद राँखौ.... नुनपानीमा छानेको स्वस्थ बीउलाई राम्रोसँग २- ३ पटक सफा पानीले पखालेर छायाँमा सुकाउनु पर्दछ ।**

## २. बीउ उपचार विधि:

१. धानको बीउलाई नुन पानीले छनौट गरेर राम्ररी पखालीसकेपछी गर्मी सिजनमा १२-२४ घण्टा सम्म र जाडो सिजनमा राखिने बीउमा करिब २४-४८ घण्टा पानीमा पुरे भिजाउने ।

२. पानीले ढाडिएको बीउ बाहिर निकाली छायाँमा हल्का ओभानो बनाउने ।

३. ढुसीको प्रकोप हुनसक्ने भएकोले ढुसीनाशक विषादी **बेभिस्टिन (कार्वेन्डाजिम ५०% डब्लुपी )** २ ग्राम र एग्रीमाइसिन ०.२५ ग्राम प्रति १ केजी बीउका दरले ढाडिएको तर नफुटेको बीउलाई उपचार गर्ने ।

४. यसरी उपचार गर्दा उक्त विषादिहरु करिब ५ एम. एल. पानीका दरले आवश्यकता अनुसारको लेदो बनाउने ।

५. विषादिको लेदो सबै बीउमा पर्ने गरी छर्ने र आवश्यकता अनुसार हातमा विषादीको असर नहुने गरि पन्जा र मुखमा माक्स लगाएर विस्तारै बीउ र बिषादी लठ्ठीको सहायताले मिक्स गर्ने ।

६. केही समय छायाँमा सुकाएर हल्का फुट्न लागेको बीउ छर्ने ।

याद गरौं........ढुसीनासक बिषादि टुसा उम्रिसकेको बीउमा प्रयोग गर्दा झन हानी हुनसक्ने भएकोले ढाडिएको तर नफुटेको बीउमा मात्र प्रयोग गरौं ।